Total No. of Printed Pages—15

**X/25/N**

**2 0 2 5**

**NEPALI**

( INDIAN LANGUAGE )

*Full Marks* : 80

*Pass Marks* : 24

*Time* : 3 hours

*General Instructions* :

(i) The candidates are advised to attempt all questions accordingly.

(ii) Marks allocated to every question is indicated against each.

(iii) For candidates without Internal Assessment their marks will be multiplied by 1·25 to adjust their total to a maximum of 100 marks.

(iv) The Question Paper contains 4 Sections, **Section—A, B, C** and **D**.

(v) **Section—A** contains Multiple Choice Questions (MCQ). Weightage of each question is *one* (1) mark.

(vi) **Section—B** contains questions based on Reading Comprehension through unseen passage which is a Case-Based Factual Passage. There are 6 (six) questions. Each question carries *2* marks.

(vii) **Section—C** contains creative writing questions.

(viii) **Section—D** contains questions based on Madhyamik Nepali Sahitya Part—5 and Supplementary Reader (Maitaghar).

## SECTION—A / खण्ड—क

प्रश्न सं० **1** देखि प्रश्न सं० **14** सम्म 'नेपाली माध्यमिक भाग–५' र 'माइतघर'देखि लिइएको छ। निम्नलिखित प्रश्नका सही उत्तर लेख : 1×30=30

**1.** नेपाली भाषा कुन भाषाको सन्तान हो?

(क) मराठी

(ख) गुजराती

(ग) शौरसेनी

(घ) द्रविड

**2.** नेपाली भाषा कुन लिपिमा लेखिएको छ?

(क) गुरुमुखी

(ख) तामिल

(ग) रोमन

(घ) देवनागरी

**3.** लेखिने विभिन्न विधामध्ये 'चिठी' पाठ के हो?

(क) उपन्यास

(ख) नाटक

(ग) निबन्ध

(घ) कविता

**4.** 'गरीब' कविता लेख्ने कवि को हुन्?

(क) बालकृष्ण सम

(ख) हरिप्रसाद कटुवाल

(ग) माधवप्रसाद घिमिरे

(घ) लक्ष्मीप्रसाद देवकोटा

**5.** गरीब थाकेर विश्राम गर्न कहाँ बस्छ?

(क) गलैंचामा

(ख) गद्‌दामा

(ग) मखमली घाँसमा

(घ) रूखमा

**6.** रूपलाल कुन पाठको पात्र हो?

(क) भक्तमाला

(ख) नासो

(ग) सय रुपियाँको नोट

(घ) जीवन : एक दृष्टि

**7.** रूपलालको मालिकको नाउँ के हो?

(क) बद्रीनाथ भट्टराई

(ख) शिवकुमार राई

(ग) तुलसी अपतन

(घ) देवकुमारी थापा

**8.** चार्ली च्यापलीनको जन्म कहाँ भएको थियो?

(क) अमेरिकामा

(ख) भारतमा

(ग) ईटालीमा

(घ) इङ्गल्याण्डमा

**9.** 'चार्ली च्यापलीन' पाठमा सिडनी को हुन्?

(क) पत्रकार

(ख) लेखक

(ग) चार्लीका दाजु

(घ) चित्रकार

**10.** 'परिबन्द' कथामा रनेको कोसित झगडा भएको थियो?

(क) सेतीसित

(ख) काल्चा नेवारसित

(ग) पद्मनिधिसित

(घ) लाहुरेसित

**11.** सानी कुन उपन्यासकी नायिका हुन्?

(क) मुलुक बाहिर

(ख) लङ्गडाको साथी

(ग) माइतघर

(घ) मने

**12.** लैनसिंह बाङ्देलद्वारा लिखित उपन्यासको नाउँ के हो?

(क) माइतघर

(ख) निलोचोली

(ग) खहरे

(घ) दोभान

**13.** फित्कौली बनाएर परेवा लखेट्ने केटो को हो?

(क) मने

(ख) बलवीर खड्का

(ग) हरि

(घ) सन्तबहादुर

**14.** सानीलाई धेरै माया गर्ने महिला को हुन्?

(क) मनमाया

(ख) सुवेदारनी

(ग) सुभद्रा

(घ) अनामिका

प्रश्न सं० **15** देखि प्रश्न सं० **20** सम्म मुख्यतः 'व्याकरण'–बाट प्रश्न सोधिएको छ। दिइएको निर्देश पढेर सही उत्तर लेख :

**15.** तलकामध्ये कुन सरल वाक्य हो?

(क) जति सक्छौ त्यति लैजाऊ।

(ख) न तिमी गयौ न हामी गयौं।

(ग) कृष्ण सधैं गाउने गर्छ।

(घ) पर्सी बिदा हुन्छ भन्ने निश्चित छ।

**16.** तलका वाक्यमा कुन स्त्रीलिङ्गी वाक्य हो?

(क) एकएक गर्दै केटाहरू घर गए।

(ख) सीता खेलिवरि घर गइन्।

(ग) रामसित खेल्दै हरि घर गयो।

(घ) स्याम लेख्दालेख्दै निदायो।

**17.** तल दिइएका शब्दमा विशेषण शब्द कुन हो?

(क) दया

(ख) छिट्टै

(ग) घर

(घ) दैनिक

**18.** ''सानीको आँखाभरि आँसु आयो।'' यो वाक्यमा क्रिया शब्द कुन हो?

(क) सानी

(ख) आँखाभरि

(ग) आयो

(घ) आँसु

**19.** तल दिइएका शब्दमध्येमा कुनै एउटा शब्दको विपरीत शब्द दिइएको छ, त्यो कुन शब्द हो?

(क) लेख्छ

(ख) जान्छ

(ग) मेट्छ

(घ) सुत्छ

**20.** दिइएको वाक्यमा कुन भाववाचक संज्ञा शब्द हो?

''एकछिनपछि रत्नाको रुवाइ थामियो।''

(क) थामियो

(ख) रत्नाको

(ग) एकछिनपछि

(घ) रुवाइ

प्रश्न सं० **21** देखि प्रश्न सं० **30** सम्म तल दिइएको अनुच्छेदमा आधारित छन्। अनुच्छेद राम्ररी पढेर सोधिएका प्रश्नहरूका उत्तर लेख :

उ मेरो दफ्तरमा काम गर्थ्यो, म उसलाई राम्ररी जान्दछु। धेर बाल-बच्चाले मानिसलाई ढाँट्न, छल्न, ठग्न औ चोर्नसम्म सिकाउँछ मलाई थाहा छ, तर मानिसले जानीजानी त्यसो गर्दैनन्, परिस्थितिले त्यसो गराउँछ। बुढो रूपलालका छजना भुराभुरी देखेर मैले दफ्तरमा पिउन र चप्रासीको ठाउँमा खुट्टा हाल्ने ठाउँ नहुँदा नहुँदै पनि चौकिदारको रातो फेटा गुँथिदिएको थिएँ। उ अत्यन्त दरिद्र भएपनि खूबै इमान्दार र सोझो थियो। उसमा मेरो ठूलो

विश्वास थियो, उसको जिम्माका विषयमा मैले कहिल्लै पनि केही भन्नु परेन। उमाथि म जे कुराको पनि भर गर्न सक्थें। कति दफ्तरमा यस्ता चप्रासीं पनि थिए जो दुइ–तीन चोटी घण्टी ठोक्दासम्म पनि ध्यानै दिँदैन थे। रूपलाल सबै काम आफै गर्थ्यो। त्यो महिनाको 45 रुपियाँले रूपलालले यस्तो महंगीको समयमा कसरी घर खर्च पुर्‍याउँथ्यो कुन्ति सायद सातामा एक–दुइ छाक पटुका कसेर पनि बस्दो हो।

**21.** ''उ मेरो दफ्तरमा काम गर्थ्यो, म उसलाई राम्ररी जान्दछु।''

माथिको वाक्यमा कसले म उसलाई राम्ररी जान्दछु भन्दछ?

(क) दफ्तरमा काम गर्ने कर्मचारीले

(ख) बाल–बच्चाका अभिभावकले

(ग) लेखक स्वयंले

(घ) ढाँट–छल गर्ने मानिसले

**22.** कस्तो मानिसले ढाँट्न, छल्न, ठग्न औ चोर्न पछि पर्दैन?

(क) धनपैसा धेरै हुने मानिसले

(ख) धेरै साखा सम्बन्धि हुने मानिसले

(ग) युद्धमा लागेको मानिसले

(घ) धेरै बाल–बच्चा हुने मानिसले

**23.** रूपलालका छजना भुराभुरी देखेर कसले के गरे?

(क) रूपलाललाई घरदेखि लखेटे

(ख) रूपलाललाई बोलाएर हकारे

(ग) रूपलाललाई पुलिसको हातमा पकडाए

(घ) लेखकले आफ्नो व्याङ्कमा उसलाई चौकिदारको नोकरी दिए

**24.** बुढो रूपलालका छजना भुराभुरीभन्दा के बुझिन्छ?

(क) रूपलालका साथीहरू

(ख) रूपलालका छोराछोरीहरू

(ग) उसका इष्टमित्रहरू

(घ) उसका छिमेकीहरू

**25.** रूपलाल अत्यन्त दरिद्र हुँदा पनि कस्तो स्वभावको मानिस थियो?

(क) एकदमै लोभी थियो

(ख) खूबै इमानदार र सोझो थियो

(ग) ढाँट-छल गर्ने स्वभावको मानिस थियो

(घ) केही कुराको ख्याल नराख्ने मानिस थियो

**26.** दफ्तरमा कस्ता-कस्ता चप्रासीहरू थिए?

(क) सुनेको नसुनै गर्ने चप्रासीहरू थिए

(ख) ध्यानै नदिने खालका चप्रासीहरू थिए

(ग) भनेको कुरा मान्दै नमान्नेहरू थिए

(घ) दुइ-तीन चोटी घण्टी ठोक्दासम्म पनि ध्यानै नदिने खाले थिए

**27.** महिनाको जम्मा 45 रुपियाँ तलबले रूपलाल कसरी घर खर्च पुर्‍याउँथ्यो?

(क) एक-दुइ छाक पटुका कसेर

(ख) धेरै खर्च गरेर

(ग) अरूलाई पैसा बाँडेर

(घ) आफ्नी श्रीमतिलाई राख्न दिएर

**28.** 'फेटा गुथाँइदिए' भन्नुको अर्थ के हो?

(क) धेरै स्याबासी दिनु

(ख) नोकरी दिनु

(ग) हौसला दिनु

(घ) पुरस्कार दिनु

**29.** एक-दुइ छाक पटुका कसेर बस्नुभन्दा के बुझिन्छ?

(क) भोकै बस्नु

(ख) पेटमा कपडा बाध्नु

(ग) व्रत बस्नु

(घ) पेटको ख्याल गर्नु

**30.** ''चप्रासीको ठाउँमा खुट्टा हाल्ने ठाउँ नहुँदा नहुँदै'' भन्दा के कुरा बुझ्नुपर्छ?

(क) प्रसस्त नोकरी गर्नको लागि ठाउँ हुनु

(ख) समयको ख्याल नहुनु

(ग) कत्ति पनि ठाउँ नहुनु

(घ) धेरै जनाको आग्रह हुनु

## SECTION—B / खण्ड—ख

तल दिइएको अनुच्छेद राम्ररी पढेर जुन प्रश्नहरू सोधिएका छन् तिनको उत्तर लेख : 2×6=12

क्रोध विवेकको शत्रु हो। क्रोध एक प्रकारको प्रचण्ड आँधी हो। जसरी आँधीमा कुनै पनि कुरा सुनिंदैन त्यसरी नै क्रोध आयो भने शुभचिन्तकको राम्रो कुराहरू पनि सुनिंदैन। यसै कारण यस्तो आँधी आएको बेला बाहिरबाट सहायता पाउन असम्भव हुन्छ। यदि केही सहायता पाउन सक्छ भने भित्रबाट मात्रै पाउन सक्छ अतएव यो उचित हुन्छ कि हामीले पहिल्यैबाट विवेक विचार औ चिन्तनलाई आफ्नो हृदयमा आत्मसात् गरेर राखौं ताकि क्रोधरूपी आँधी आएको बेला भित्रैबाट सहायता लिन सकौं। यदि कुनै नगरलाई कुनै बलवान शत्रुले घेर्‍यो भने त्यसबेला बाहिरबाट कुनै पनि चीजबीज भित्र आउन सक्दैन्। त्यसबेला जो चीज भित्र छ त्यही काम आउँछ। क्रोध यति साह्रो नराम्रो विकार हो कि यसले जस्तो सुविचारलाई पनि जरैबाट नष्ट गर्ने चेष्टा गर्दछ। त्यो विषभन्दा पनि धेरै हानिकारक छ, किनभने यसको नशामा के राम्रो के नराम्रो ज्ञान हुँदैन। क्रोधान्ध भएपछि बाहिरी सहायता पाइँदैन। यसै कारण हृदयभित्र सुविचार विवेक औ चिन्तनलाई आत्मसात् गरेर राख्नुपर्छ।

**31.** क्रोध के हो? क्रोध आयो भने कसका कुरा सुनिंदैन?

**32.** क्रोधले आक्रमण गरेको बेला कहाँबाट सहायता पाउन असम्भव हुन्छ?

**33.** क्रोधलाई वश गर्ने उपाय के हो?

**34.** यदि कुनै नगरलाई बाहिरी शत्रुले आक्रमण गरेको खण्डमा बाहिरबाट के भित्र आउन सक्दैन?

**35.** क्रोध कस्तो विकार हो?

**36.** क्रोधलाई किन विषभन्दा पनि हानिकारक मानिन्छ?

## SECTION—C / खण्ड—ग

रचनात्मक लेखन—कौशल र व्याकरण : 6×3=18

**37.** गाउँघर सधैं सफा राखौं भन्ने विषय लिएर गाउँप्रमुख (गाउँबुढा) लाई एउटा चिठी लेख (आफ्नो नाम र ठेकाना XYZ वा गोप्य राख)। 6

**38.** भारतवर्ष विभिन्न जाति भएको देश हुनाले यहाँ धेरै प्रकारका चाडहरू मनाइन्छन् यी चाडबाडहरूमध्ये कुनै एउटा चाडलाई आधार मानी (*100–150*) शब्दभित्र निबन्ध लेख। 6

**अथवा**

**39.** 'कछुवा र खरायो' **अथवा** 'मुसो र सिंह'-को कथालाई आधार मानी *100* देखि *150* शब्दसम्ममा एउटा कथा लेख।

कुनै **तीन** प्रश्नका छोटकरीमा उत्तर लेख : 2×3=6

**40.** राष्ट्रभाषा र मातृभाषा-मा के अन्तर छ?

**41.** डाक्टर र इञ्जिनीयर-मा के-के कुराको भिन्नता छ?

**42.** पारसमणि प्रधानले लेखेका केही पुस्तकहरूका नाउँ लेख।

**43.** 'गरीब' कवितामा गरीब कहाँ-कहाँ अनि कसरी घुमीवरी आफ्नो आँगनमा फर्कन्छ?

**44.** रुपियाँलाई किन उपियाँसँग तुलना गरिएको छ?

**45.** भानुभक्तले लेखेको 'रामायण'-लाई त्यतिबेला किन कसैले ध्यान दिएनन्?

## SECTION—D / खण्ड—घ

### ( ठूला प्रश्नहरू )

प्रश्न सं० **46** देखि प्रश्न सं० **52** सम्ममा कुनै **चार** प्रश्नको उत्तर लेख : 5×4=20

**46.** चार्ली च्यापलीन को हुन्? उनको जन्म कहिले र कहाँ भएको थियो? उनको बाल्यजीवन कसरी बितेको थियो? लेख।

**47.** 'चिठी' पाठका लेखकको नाउँ के हो? वंशावली भनेको के हो? विदेशी स्याउ र आफ्नो बगैंचामा फलेको ताजा नास्पातीको अर्थ स्पष्ट पार।

**48.** गोपीनारायण प्रधानरचित 'स्वीट फल्स' कविताको सारांश लेख।

**49.** हरि र सानी साना छँदा कसरी दिन बिताउँथे—तिनीहरूको बाल्यकालको वर्णन गर।

**50.** उद्धरण राम्ररी पढेर दिइएका प्रश्नको उत्तर लेख : 1×5=5

साँचो हो, धूर्तता र कुटिलता जस्ता अवगुणहरू शिक्षामा घुस्न थाले भने बन्धुत्व हराउँदै जान्छ र आन्तरिक हार्दिकता पनि सुक्दै जानसक्छ। आफूले जानेका शिक्षा-शास्त्रले अरूलाई वश गर्न थाले भने मानवीय विकास नै अगति पर्छ। यसबाट कसरी देशको उन्नति र समाज-को विकास हुने? यसपछि घोरिनु पर्छ।

(क) बन्धुत्व कसरी हराउँदै जान्छ?

(ख) मानवीय विकास किन अगति पर्छ?

(ग) धूर्तता र कुटिलता शब्दको अर्थ लेख।

(घ) आन्तरिक हार्दिकता सुक्ने कारण के हो?

(ङ) देशको उन्नति कसरी हुन्छ?

**51.** उद्धृत अनुच्छेद पढेर सोधिएका प्रश्नको उत्तर लेख : 1×5=5

उपर दलिनमा गौंथली वस्ता
तलतिर उसको मैला खस्ता।
म उठें सहसा रिसले जागी
त्यो गुँड भत्काउनका लागी।।

(क) उपर्युक्त पंक्ति-अनुसार गौंथली कहाँ बस्छ?

(ख) यहाँ घर मालिक किन रिसाउछ?

(ग) ''म उठें सहसा रिसले जागी'' भन्दा यहाँ कसलाई बुझाएको छ?

(घ) यहाँ कसले कसको गुँड भत्काउन खोज्दै छ?

(ङ) माथिका पंक्तिहरू लेख्ने व्यक्ति को हुन्?

**52.** उद्धरणलाई राम्ररी पढेर सोधिएका प्रश्नको उत्तर देऊ : 1×5=5

हिन्दी साहित्यमा मेरो अभिरुचि थियो औ नेपाली साहित्यमा मेरो अगाध प्रेम थियो, बङ्गाली साथीहरूसँग लागेर बाङ्गला भाषा पनि पढिहाल्थें।

(क) यहाँ कसको अभिरुचि केमा थियो?

(ख) कुन भाषामा उनको अगाध प्रेम थियो?

(ग) उनी कुन साथीहरूसित हिँडेर के भाषा सिके?

(घ) उपर्युक्त अनुच्छेद कुन पाठको हो?

(ङ) यो अनुच्छेदका लेखक को हुन्?

★★★